# कृषि अनुदान वितरण कार्यबिधि, २०७५

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाची
५ नं प्रदेश ,नेपाल

# कृषि अनुदान वितरण कार्यबिधि, २०७५

**प्रस्तावना**

शितगंगा नगरपालिका क्षेत्रभित्रका किसानहरूलाई व्यावसायिक र प्रतिष्पर्धी बनाई उनीहरूको आय आर्जन बृद्धि गरी स्वाबलम्बी बनाउन बाञ्छनीय भएकोले शितगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगरकार्यपालिकाको मिति २०७५/११/१९ गते बसेको बैठकले यो कार्यबिधि स्वीकृत गरेको छ ।

परिच्छेद -१

संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नाम-यस कार्यविधिको नाम "शितगंगा नगरपालिकाको कृषि अनुदान वितरण कार्यविधि "रहेको छ ।

(२) प्रारम्भ- यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

परिच्छेद- २

परिभाषा

बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "नगरपालिका" भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "नगरप्रमुख" भन्नाले शितगंगा नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ग) "नगर उपप्रमुख" भन्नाले शितगंगा नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय" अधिकृत भन्नाले शितगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) "आर्थिक विकास समितिको संयोजक" भन्नाले नगरकार्यपालिकाको बिषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

(च) "वडा" भन्नाले शितगंगा नगरपालिकाका सबै वडाहरूलाई सम्झनु पर्दछ ।

परिच्छेद- ३

अनुदान वितरणका क्षेत्रहरू

(क) साना सिंचाई- व्यक्तिगत, व्यावसायिक, वा सहकारीमा आवद्ध भएर खेती गर्ने कृषकहरूलाई नगरपालिका तथा वडा कार्यालयबाट साना सिंचाई, कुलो मर्मत, पाईप वितरण गरी खेतीयोग्य जमीनमा सिंचाईको व्यवस्था गरिनेछ ।

(ख) साना औजार- व्यक्तिगत, व्यावसायिक, वा सहकारीमा आवद्ध कृषकहरूलाई नगरपालिका तथा वडाहरूमा कृषि तर्फ विनियोजन भएका रकमबाट हाते टयाक्टर, पावर ट्रिलर, थोपा सिंचाई प्रणालीहरू, प्लाष्टिक टनेलमा ५० प्रतिशत  अनुदान दिईनेछ ।

(ग) बीउ वितरण- नगरपालिका र वडाहरूमा विनियोजन भएको कृषि तर्फको रकमबाट किसानहरूलाई निशुल्क बीउ, मल, कीटनाशक औषधीहरूमा ७५ प्रतिशत अनुदान दिने व्यवस्था मिलाईनेछ ।

(घ) उत्पादनमा आधारित अनुदान वितरण- शितगंगा नगरभित्र कम्तीमा ३ रोपनी जग्गामा केरा, कफी , कागती र तरकारी लगाउने कृषकलाई प्रति रोपनी रू. ५ हजारका दरले २ बर्षसम्म अनुदान दिईनेछ । कम्तीमा १००० वटा कागती उत्पादन गरेमा प्रति के.जी. रू. १० का दरले नगद अनुदान प्रदान गरिनेछ । कृषि उपजहरूको बीउ उत्पादन तथा बजारीकरणका लागि साझेदार संस्थाहरूसँग सहयोगको लागि पहल गरिनेछ ।साथै प्रति केजी धान, मकै, गहुँको रू. १० र तरकारीको बीउमा प्रति केजी रू. ५० अनुदान उपलब्ध गराईनेछ । प्रति कृषक ५ वा सो भन्दा बढी टनेलमा च्याउ खेती गरेमा प्रति टनेल रू. ५०००/- र ३० किलो वा सो भन्दा बढी मह स्थानीय जातका मौरीहरूबाट उत्पादन गरी सहकारीमार्फत बिक्री गर्ने कृषकलाई प्रति किलो रू. ५० अनुदान उपलब्ध गरराईनेछ । यसै गरी यस नगरपालिकाभित्रका कृषकहरूले प्रति कृषक ५० किलो वा सो भन्दा बढी कफी उत्पादन गरी सहकारीमार्फत बिक्रि गरेमा प्रति किलो रू. १० अनुदान प्रदान गरिनेछ ।

(ङ) तालीम- कृषकहरूलाई व्यवसायिक बनाउन र नयाँ प्रविधिहरू सिकाउने खालका तालिम कार्यक्रमहरू नगरपालिका तथा वडाहरूबाट प्रदान गरिनेछ ।

## परिच्छेद- ४
## माछापालन सम्बन्धी व्यवस्था

(क) शितखोला, गंगाखोला , मन्द्रेखोला र कुसुमखोलामा ट्राउट माछापालन व्यवसाय प्रवर्द्धन गर्न संरचना निर्माणस्थलसम्म सडक पहुच, बिद्युत विस्तारमा नगरपालिकाले सहयोग उपलब्ध गराउने साथै अन्य क्षेत्रमा कम्तीमा २ रोपनी क्षेत्रफलमा माछा पालन गर्ने कृषकलाई पोखरी निर्माण गर्न प्रति रोपनी रू. १० हजार अनुदान रकम उपलब्ध गराईनेछ ।

## परिच्छेद- ५
## अनुदान सम्बन्धी व्यवस्था

(क) परिच्छेद ३ को घ र ४ को क मा व्यवस्था भए बमोजिमको अनुदान प्रदान गर्नका लागि प्रत्येक वडामा कम्तीमा एउटा कृषि तथा पशुपालक सहकारी संस्था वा समुह गठन गरिनेछ ।

(ख) यस्तो सहकारी वा समूहले वडा र नगरपालिकाको कृषि शाखासँग समन्वय गरी केरा कति क्षेत्रफलमा लगाएको, कागती र फलफुलका बोटको संख्या, धान, मकै, गहुँको बीउको उत्पादनर बिक्रीको रेकर्ड राखी अनुसुची २ बमोजम रेकर्ड राख्नुपर्नेछ ।

(ग)अनुदान रकम सिफारिस गर्दा सहकारीले सिफारिस पत्र र अनुसूची २ प्रमाणित गरी नगरपालिकामा पठाउनु पर्नेछ र यसरी पठाउँदा सम्बन्धित वडाको सिफारिस अनिवार्य हुनुपर्नेछ ।

(घ) फर्जी काम सहकारी वा समूहबाट भएमा त्यस्ता सहकारी र समूहहरूको दर्ता खारेजी गरी कालो सूचीमा राखिनेछ ।

(ङ) सहकारी तथा समूह गठन गर्दा निम्न प्रक्रियाहरू तथा कागजात पुरा गरेको वा पेश गरेको हुनु पर्नेछ । साथै अनुसुची १ बमोजिमको निवेदन दिएर दर्ता हुनु पर्नेछ ।

निम्न :

१. समुह, समिति, सहकारी गठन भई कार्यक्रम सञ्चालन गरेको ६ महिना पुगेको निर्णयको प्रतिलिपी,

२. समुह, समितिका कार्य समितिका पदाधिकारीहरूको नागरिकताको प्रतिलिपी,

३. पशुपालन क्षेत्रमा काम गर्ने प्रतिवद्धता ,

४. सम्बन्धित वडाको सिफारिस,
५. कार्य योजना,
६. फार्म दर्ताको लागि नागरिकताको प्रतिलिपी,
७. फार्म सञ्चालन भएको स्थानको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी,
८. फार्म सञ्चालन गरेको स्थान भाडामा लिएको भए सम्झौताको प्रतिलिपी,
९. फार्मको ब्यावसायीक कार्ययोजना,
१०. समुह, समतिको विधान,

## परिच्छेद- ६
## ब्यवस्थापन खर्च

(क) पशु र कृषिको अनुदान सिफारिस तथा सहजीकरण एकै कृषक सहकारी संस्था वा समुहबाट हुने भएकोले पशुपालन अनुदानमा रहेको ब्यवस्थापन खर्च मात्र प्रदान गरिनेछ ।

## परिच्छेद-७
## ब्यवस्थापन समिति

(क) अनुदान ब्यवस्थापन गर्न नगरपालिकामा निम्न बमोजिमको ब्यवस्थापन समिति रहनेछ ।
नगरप्रमुख - अध्यक्ष
नगर उपप्रमुख - सदस्य
आर्थिक विकास समितिका संयोजक - सदस्य
प्रमुख प्रशासकीय अधिकृत- सदस्य
पशु विकास शाखा प्रमुख- सदस्य सचिव

## परिच्छेद- ८
## अनुगमन तथा मूल्याङ्कन

(क) यस कार्यबिधि अनुरूप काम भए नभएको सम्बन्धमा कार्यपालिकाले अनुगमन तथा सुझाव दिन सक्नेछ ।
(ख) यस बमोजिम वितरण भएको अनुदान रकमको जानकारी नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद- ९
## संशोधन तथा परिमार्जन

(क) नगरकार्यपालिकाले यो कार्यविधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## परिच्छेद- १०
## खारेजी तथा बचाउ

(क) यो कार्यबिधि प्रचलित नेपाल काननू, प्रदेश कानून र शितगंगा नगरपालिकाका कानूनसँग बाभिmएमा बाभिmएको हदसम्म खारेज वा संशोधन हुनेछ ।

## अनुसुची १

सहकारी वा समूहले नगरंपालिकामा पेश गर्नु पर्ने निबेदन ढाचा तथा आबश्यक कागजातहरू

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू ,
शितगंगा नगरपालिकाको कार्यालय, ठाडा , अर्घाखाँची ।

बिषय : उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्ने स्वीकृति सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस नगरपालिकाको सुचना अनुसार उत्पादनमा आधारित अनुदान कार्यक्रम सिफारिसको गर्ने सहकारी वा समूह दर्ताका लागि निवेदन माग भए अनुसार यस सहकारीको मिति ............................ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम उक्त कार्यमा सहजीकरण गर्न नगरपालिका संग माग गर्ने निर्णय गरेको हुदा उक्त कार्यक्रम सहजीकरणको लागि तपशिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

तपशिल
सहकारीको नाम :
ठेगाना :
दर्ता नं. : दर्ता मिति :
पान नं.
शेयर सदस्य संख्या : शेयर रकम :
बचत रकम : अन्य रकम :
सहकारीको कुल जम्मा रकम :

.............................
अध्यक्ष

संलग्न कागजातहरू
१) सहकारीको संचालक समितिबाट उत्पादनमा आधारित अनुदान कार्यक्रम सहजीकरणको लागि नगरपालिकाबाट स्वीकृति लिने निर्णयको प्रतिलिपि
२) सहकारी दर्ता प्रमाण पत्र, पान नं. को प्रमाण पत्र,

## अनुसूची २

सहकारीबाट अनुदान माग फाराम

**सहकारीको नामः**
**ठेगानाः** **विवरणको अवधिः ..................... देखि ............... सम्म**

| क्र.सं. | बिक्री मिती | कृषकको नाम | समूहको नाम | बिक्री वा संख्या वा न्युनतम | के.जी. | जम्मा बिक्री रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | **कति रोपनी** | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| **जम्मा** | | | | | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्याः .........
बिक्री गरिएको संख्याः .........
बिक्री जम्मा के.जी. ...........
माग गरिएको रकम रू. ...........

विवरण तयार गर्नेको हस्ताक्षर
विवरण तयार गर्नेको नामः
विवरण तयार गर्नेको पदः
मितिः

प्रमाणित गर्नेको हस्ताक्षर
प्रमाणित गर्नेको नामः
प्रमाणित गर्नेको पदः
मितिः

प्रमाणीकरण मितिः २०७५/११/१९

आज्ञाले,
नारायण प्रसाद भण्डारी
प्रमुख प्रशासकीय अधिकृत